# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, फागुन १९ गते २०६४ साल (अतिरिक्तांक ५७(ग)


## भाग ३

### निर्वाचन आयोगको
### सूचना

समानुपातिक निर्वाचनमा उम्मेदावरको मनोनयन तथा छनौट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०६४

समानुपातिक निर्वाचनमा उम्मेदावरको मनोनयन तथा छनौट प्रक्रिया सम्वन्धी कार्यविधि, २०६४ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोगले संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ७५ क. ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "समानुपातिक निर्वाचनमा उम्मेदवारको मनोनयन तथा छनौट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०६४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **समानुपातिक निर्वाचनमा उम्मेदवारको मनोनयन तथा छनौट प्रक्रिया सम्बन्धी कार्यविधि, २०६४ को दफा ६ मा संशोधन :** समानुपातिक निर्वाचनमा उम्मेदवारको मनोनयन तथा छनौट प्रक्रिया सम्बन्धी कार्यविधि, २०६४ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ६ को खण्ड (च) मा रहेका "बीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "तीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल कार्यविधिको दफा १८ मा संशोधन** : मूल कार्यविधिको दफा १८ को उपदफा (२) का प्रतिबन्धात्मक वाक्यांशको शुरुमा रहेका "बीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "तीस प्रतिशत" भन्ने शब्दहरु र सोही प्रतिबन्धात्मक वाक्यांशमा रहेको "ऐनको दफा ७ को उपदफा (१४)" भन्ने शब्द र अंकहरुको सट्टा "ऐनको दफा ७ को उपदफा (१४) र (१५)" भन्ने शब्द र अंकहरु राखिएका छन् ।

**आज्ञाले,**
**सुशील जंग बहादुर राणा**
**सचिव**

मुद्रण विभाग, सिंहदरवार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।